बैठक मिति: २०७९/८/१३

बैठक संख्या: ८

**छलफल तथा निर्णय:**

१. नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहहरूमा हस्तान्तरित आयोजना/कार्यक्रमहरूलाई पुनः संघमा ल्याउँदा कार्यान्वयनमा कठिनाई हुने हुँदा हस्तान्तरित आयोजना/कार्यक्रमहरूलाई पुन संघमा नल्याउने व्यवस्था मिलाउन नेपाल सरकारलाई सुझाव दिने।

२. सोह्रौं पञ्चवर्षीय योजना तर्जुमाको समयसारिणी अनुसार संघीयतालाई थप मजबुत बनाउने गरी सो को अवधारणा पत्र यथाशीघ्र तयार गरी स्वीकृतिको लागि आयोगको बैठकमा आर्थिक व्यवस्थापन महाशाखाले पेश गर्ने।

३. प्रदेश तथा स्थानीय तहहरूमा प्रदान गरिएको समपुरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाहरूलाई बहुवर्षीय ठेक्का प्रकृयाबाट सञ्चालन गर्न सहमति प्रदान गरिदिन आयोगको पूर्व बैठकबाट निर्णय गरी अर्थ मन्त्रालयमा पत्राचार गरिएकोमा उक्त विषय अर्थ मन्त्रालयबाट कार्यान्वयन नभएकोले सो को अविलम्ब कार्यान्वयन हुन अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने।

४. आ.व. २०८०/८१ को लागि प्रदेश/स्थानीय तह मार्फत सञ्चालन हुने विशेष/समपुरक अनुदानका आयोजना छनौट गर्दा क्रमागत आयोजनालाई पहिलो प्राथमिकतामा राखेर छनौट गर्ने; यस सम्बन्धी विषय सबै प्रदेश/स्थानीयतहमा समयमा नै जानकारी गराउने।